# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर - आइ.एफ.सी. उपाध्यक्ष भेटवार्ता

International Finance Corporation (IFC) का एसिया प्रशान्त क्षेत्रीय उपाध्यक्ष Karin M. Finkelston ले गभर्नर डा. युवराज खतिवडासँग फागुन २१ गते भेट गर्नुभयो । भेटमा उहाँहरूबीच नेपालको आर्थिक अवस्थाका साथै IFC ले नेपालमा गरेको लगानी तथा उपलब्ध गराएको सहयोग, तिनको अवस्था तथा आगामी कार्यक्रमका बारेमा विचार आदान प्रदान भएको थियो ।



भेटमा गभर्नर खतिवडाले मुलुकको समष्टिगत आर्थिक स्थितिका विभिन्न पक्षहरू आर्थिक वृद्धि, वित्तीय क्षेत्र स्थायित्व, व्यापार, मुद्रास्फीति, विदेशी मुद्रा सञ्चिति लगायतका विषयमा सङ्क्षिप्त प्रकाश पार्नुभएको थियो । यस क्रममा उहाँले नेपालको वित्तीय क्षेत्रमा जनविश्वास बढ्नुको परिणाम सो क्षेत्रमा बचत बढ्दै गएको, समष्टिमा वित्तीय क्षेत्र स्थायित्व कायम रहेको र यसबाट लगानीका लागि अनुकूल वातावरण बनेको विचार व्यक्त गर्नुभएको थियो । उहाँले नेपालको व्यापार घाटा बढेको भए पनि चालु खाता सकारात्मक रहेको तथा विदेशी विनिमय सञ्चिति पनि सुविधाजनक रहेका कारण बाह्य क्षेत्र स्थायित्व कायम रहेको स्पष्ट पार्नुभएको थियो ।

भेटमा उहाँहरूबीच नेपालको संक्रमणकालको आर्थिक अवस्था, प्रत्यक्ष वैदेशिक लगानी, वित्तीय पारदर्शिता, वित्तीय पहुँच अभिवृद्धि, कृषिमा लगानी अभिवृद्धि, सार्वजनिक एवम् निजी क्षेत्रको लगानी, सम्भावना तथा चुनौतीहरू, त्यसमा IFC बाट हुन सक्ने योगदानका विषयमा समेत विचार आदान प्रदान भएको थियो । भेटमा गभर्नर खतिवडाले IFC ले स्थिर पुँजी निर्माण र खास गरी सेयर सहभागिताका माध्यमबाट नेपालको उद्यम तथा उद्यमशीलता विकासमा योगदान पुऱ्याउने आशा व्यक्त गर्नुभएको थियो ।

२०६९ फागुन २१ गते, सोमवार

गभर्नरको कार्यालय